मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरमा प्रदेश अस्पताल स्थापना गरिने

हेटौंडा, ३२ जेठ/मकवानपुरमा प्रदेश अस्पताल स्थापना गरिने भएको छ । शुक्रबार बसेको प्रदेश मन्त्रीपरिषद बैठकले मकवानपुरमा प्रदेश अस्पताल स्थापना गर्ने निर्णय गरेको हो ।

बैठकले बागमती प्रदेशको दोश्रो आवधिक योजना ०८१/८२ देखि ०८५/८६ स्वीकृत गर्ने, प्रदेश स्वास्थ्य नीति २०८१ स्वीकृत गर्ने र आयुर्वेदिक औषधि उत्पादनसंहिता र आयुर्वेद औषधिको लेबल डिजाइन स्वीकृत गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानून मन्त्री गंगानारायण श्रेष्ठले जानकारी दिए ।

हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गाभ्न नहुने माग चर्किंदै जाँदा मन्त्रीपरिषदले मकवानपुरमा प्रदेश अस्पताल बनाउने निर्णय गर्नु अर्थपूर्ण छ ।

# प्रधानमन्त्री प्रचण्डद्वारा हेटौंडा सबस्टेसन उद्घाटन

साझाकुरा संवाददाता



हेटौंडा, ३२ जेठ/४०० केभीको हेटौंडा सबस्टेसनको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शुक्रबार उद्घाटन गरेका छन् ।

नेपाल विद्युत् प्राधिकरणले हेटौंडामा आयोजना गरेको कार्यक्रममा उनले हेटौंडा उपमहानगरपालिका-११ थानाभन्याङमा निर्मित सबस्टेसनको उद्घाटन गरेका हुन् । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले ठूला पूर्वाधार आयोजना निर्माण सम्पन्न हुँदा 'देशमा केही भएको छैन, केही हुँदैन' भन्ने भाष्य गलत सावित भएको दाबी गरेका छन् । 'देशमा केही भएको छैन, केही हुँदैन' भन्ने नकारात्मक भाष्यले स्थान पाउन थालेको परिस्थितिमा ठूला पूर्वाधारको निर्माण सम्पन्न हुनुले देशमा आशाको सञ्चार प्रवाह गरेको उनले बताए ।

'तीन ठूला सबस्टेसनहरु नेपालका नदी तथा खोलानालाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गर्न, पूर्व-पश्चिम विद्युत् आपूर्ति गर्न र नेपाल र भारत बीचको द्विदेशीय विद्युत् व्यापारका लागि मात्र नभएर उपक्षेत्रीय तथा क्षेत्रीय विद्युत् व्यापारका लागि सबस्टेसनहरु मेरुदण्ड (ब्याकबोन) का रुपमा रहनेछन्,' प्रधानमन्त्री प्रचण्डले भने, 'सबस्टेशनहरु निर्माण सम्पन्न भएसँगै ऊर्जा क्षेत्रको विकास र मुलुकको समृद्धितर्फको यात्रामा अर्को एउटा खुड्किलो थपिएको छ ।,'

उनले विद्युत उत्पादन र खपत गर्ने उपभोक्ताबीच जोड्न सयौं किलोमिटर दूरीमा पूर्व-पश्चिम, उत्तर-दक्षिण प्रसारण र वितरण लाइनका पूर्वाधार संरचना विस्तार तथा सुदृढीकरणको काम तीब्र गतिमा भइरहेका बताए । विगतमा आफ्नै नेतृत्वको सरकारले देशलाई लोडसेडिङको कहालीलाग्दो युगबाट मुक्त गरी उज्यालो नेपालको यात्रा अगाडि बढाएको स्मरण गर्दै प्रधानमन्त्री प्रचण्डले भने, 'त्यतिबेला सहरी क्षेत्रमा लोडसेडिङ थियो तर, देशको आधाभन्दा बढी गाउँबस्तीहरु अँध्यारोमै थिए । अहिले करिब ९५ प्रतिशत भूभागमा राष्ट्रिय प्रसारण प्रणालीको विद्युत् पुगेको छ । वैकल्पिक ऊर्जासहित करिब ९९ प्रतिशत जनसंख्यामा विद्युतको पहुँच पुगेको छ ।,'

आगामी एकदेखि डेढ वर्षभित्र देशलाई पूर्णरुपमा विद्युतीकरण घोषणा गर्ने गरी सम्पूर्ण तयारी पूरा गर्न कार्यहरु भइरहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले मुलुकका लागि सुनौला दिनहरु टाढा नरहनेको बताए । उनले अब विद्युतको पहुँच मात्र होइन, आन्तरिक रुपमा विद्युत खपत बढाउन पर्याप्त, भरपर्दो, गुणस्तरीय र सुरक्षित विद्युत् सेवा प्रवाहका लागि विशेष ध्यान दिएर उच्च प्राथमिकताका साथ काम गर्न ऊर्जा मन्त्रालय र नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिए ।

'करिब ४ हजार मेगावाट विद्युत प्रवाह गर्नसक्ने पूर्वाधार तयार हुनुलाई मैले देशको ऊर्जा विकासका लागि महत्वपूर्ण कोशेढुंगाको रुपमा लिएको छु,' प्रधानमन्त्री प्रचण्डले भने, 'पूर्व-पश्चिम विद्युत आपूर्ति गर्न र भारततर्फ थप विद्युत प्रवाह तथा क्षेत्रीय विद्युत व्यापारका लागि हेटौंडा सबस्टेसन अर्को ठूलो 'हब' बनेको छ ।,'

ग्यास इन्सुलेटेड प्रणाली (जिआइएस) प्रविधिमा आधारित स्वचालित नेपालको तेस्रो ठूलो ४०० केभी हेटौंडा सबस्टेसन निर्माण सम्पन्न गरी गत शुक्रबारदेखि सञ्चालन (चार्ज) मा ल्याइएको छ । यसैगरी नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजनाबाट थानाभन्याङमा नै २२० र १३२-११ केभी क्षमताका सबस्टेसन निर्माण सम्पन्न गरी गत शुक्रबारदेखि नै चार्ज गरिएका छन् । मुलुकभित्रको पूर्व-पश्चिम विद्युत् आपूर्तिलाई भरपर्दो तथा गुणस्तरीय बनाउन र भारतसँगको विद्युत् व्यापारका लागि निर्माण गरिएको जिआइएस प्रविधियुक्त स्वचालित ढल्केबर मुलुककै पहिलो, इनरुवा दोस्रो र हेटौंडा तेस्रो ठूलो सबस्टेसन हो ।

हेटौंडा सबस्टेसनको निर्माण सम्पन्न भएसँगै करिब चार हजार मेगावाट विद्युत् प्रवाह गर्नसक्ने पूर्वाधार संरचना तयार भएको छ । हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रसारण लाइन आयोजना निर्माण सम्पन्न भएपछि ढल्केबर बाट पूर्व-पश्चिम चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सकिने हुँदा आन्तरिकरुपमा विद्युत् आपूर्ति थप सुदृढ हुने र भारतसँगको विद्युत् व्यापार थप विस्तार हुनेछ । अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी) बाट नुवाकोटको रातमाटेबाट निर्माण हुने ४०० केभीको डबल सर्किट प्रसारण लाइन हेटौंडा सबस्टेसनमा ल्याएर जोडिनेछ ।

राष्ट्रिय विद्युत् विकास दशक कार्यक्रमअन्तर्गत सरकार र प्राधिकरणको संयुक्त लगानीमा हेटौंडा, ढल्केबर इनरुवा ४०० केभी सबस्टेसन विस्तार आयोजना सुरु गरिएको थियो । सरकार तथा प्राधिकरणको लगानी र विश्वबैंकको सहुलियतपूर्ण ऋणमा नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजनाबाट निर्माण गरिएको २२०-१३२-११ केभी हेटौंडा सबस्टेसन निर्माणका लागि २०१८ डिसेम्बरमा ठेक्का सम्झौता भएको थियो । ४००, २२० र १३२ केभी हेटौंडा सबस्टेसनको अनुमानित लागत तीन अर्ब रहेको प्राधिकरणले जनाएको छ ।

# हेटौंडाको सडक विस्तारले छिट्टै निकास पाउँछ: प्रधानमन्त्री दाहाल

साझाकुरा संवाददाता



हेटौंडा, ३२ जेठ/ प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले हेटौंडाको सडक विस्तारको सवालमा सरकार गम्भीर भएको बताएका छन् ।

शुक्रवार हेटौंडा-ढल्केवर-इनरुवा ४०० केभी सवस्टेशन उद्घाटन कार्यक्रममा बोल्दै प्रधानमन्त्री प्रचण्डले सुन्दर नगरी हेटौंडाको सडक विस्तारको जटिलताबारे आफू जानकार रहेको भन्दै सडक विस्तारको लागि भएको जटिलतालाई अन्त्य गर्न सरकार गम्भीरताको साथ लागिपरेको बताए । उनले हेटौंडाको सडक विस्तारको सम्बन्धमा छिट्टै निकास निस्कने बताए ।

प्रदेश राजधानी समेत रहेको हेटौंडामा २५ मिटर सडक विस्तारको विषयबारे यहाँका जनप्रतिनिधिबाट आफूलाई पटक-पटक जानकारी गरिएको बताउँदै उनले समस्या समाधानको क्षेत्रमा आफूहरु लागिपरेको बताए । कार्यक्रममा प्रतिनिधिसभा सदस्य महेश बर्तौलाले सडक विस्तारको विषय र हेटौंडा र मनहरीमा पर्सा राष्ट्रिय निकुञ्जले पारेको समस्याका बारेमा कुरा उठाएका थिए । उनले सडक विस्तार आवश्यक रहेको भन्दै प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका हुन् ।

सडक विस्तारको सवालमा के-कस्ता विकल्पहरु हुन सक्नेछन् भन्ने विषयमा आफू यहाँका जनप्रतिनिधिसँग नियमित छलफलमा रहेको समेत उनले बताए । उनले भने, 'हेटौंडाको सडक विस्तारको विषयमा यहाँको जनप्रतिनिधि महेश बर्तौला जीसँग मैले सिंहदरबारमा पटक-पटक भेटेर छलफल गरेको छु, समस्यालाई समाधान गर्न विकल्प के हुनसक्छ भन्नेमा सरकार गम्भीरता पूर्वक लागिपरेको छ ।,'

मकवानपुरको अर्को ठूलो समस्याको रुपमा रहेको मध्यवर्ती बनको समस्यालाई समाधान गर्नको लागि परिमार्जन सहितको वन ऐन ल्याउन सरकार तयार रहेको र नयाँ कानुनले ती समस्या समाधान गर्ने उनको भनाइ रहेको छ । कार्यक्रममा बोल्दै उनले नेपालको विकासमा ठूलो टेवा दिने अपर तामाकोसीलगायत ठूलो जलविद्युत आयोजना निर्माणमा सरकार लागिपरेको, कतिपय योजनाको वित्तीय व्यवस्थापन गरेर निर्माण कार्य सुरु गरिएको उनले बताए ।

# मकवानपुरका कालिराजले जिते युवा गायनको उपाधि



साझाकुरा संवाददाता

हेटौंडा, ३२ जेठ/राष्ट्रिय युवा गायन प्रतियोगिताको उपाधि मकवानपुरका दीपकराज कालीराजले हात पारेका छन् । युवा तथा खेलकूद मन्त्रालय, राष्ट्रिय युवा परिषद् सानोठिमी भक्तपुरको आयोजना र मिसन सञ्चार मल्टिमिडीया प्रालि काठमाडौंको सह-आयोजनामा संचालित प्रतियोगितामा कालिराजले उपाधि हात पारेका हुन् ।

फाइनलमा कालीराज प्रथम, धनुषाका राजा राजपुत द्वितीय र रुपन्देहीका सुरज खातीले तृतीय स्थान हासिल गर्न सफल भए । पहिलो गायन रियालीटी सोमा १६ वर्ष कटेका ४० वर्ष ननाघेका देशभरबाट आधुनिक, लोक र पप/र्‍याप विधामा अभिरुची राख्ने ६५ जना युवाले आफूले गायर भिडियो पठाएका थिए । डिजिटल अडिसनमा सहभागी प्रतिष्पर्धीमध्येबाट २१ जना युवा प्रतिभालाई छनोट गरी फिजिकल अडिसन अर्थात फिजिकल प्रतिष्पर्धाका लागि राजधानी काठमाडौं बोलाइएको थियो ।

सोहि २१ जना प्रतिष्पर्धी मध्येबाट टप ९, टप ९ प्रतिष्पर्धीबाट टप ६, टप ६ प्रतिष्पर्धीमध्येबाट टप ३ छनोट गरी पुन:टप ३ प्रतिष्पर्धीबीच कडा प्रतिष्पर्धा गराई प्रथम, द्वितीय र तृतीय बिजेता घोषणा गरिएको हो । राष्ट्रिय युवा गायन प्रतियोगिताको डिजिटल अडिसनदेखि फिजिकल अडीसन र फाइनल राउण्डसम्म सम्पूर्ण युवा प्रतिभाको निश्पक्ष गायन क्षमता मूल्याङ्कन गर्नका लागि संगीतकार वीपी वाग्ले, लोकगायिका देवी घर्तीमगर र गायक भद्र वलीले निर्णायकको भूमिका निभाएका थिए ।

नेपाल पर्यटन वोर्डको हलमा संचालीत राष्ट्रिय युवा गायन प्रतियोगिताको समापन समारोहको अवसरमा राष्ट्रिय युवा परिषदका कार्यकारी उपाध्यक्ष सुरेन्द्र वस्नेतको अतिथ्यतामा विगत लामो समयदेखि पत्रकारिता क्षेत्रमा योगदान दिएका पत्रकारमध्ये फोटो पत्रकारितातर्फ कान्तिपुरकर्मी प्रकाशचन्द्र तिमल्सेना, पर्यटनतर्फ राससकर्मी सिबी अधिकारी, कला साहित्यतर्फ गोरखापत्रकर्मी सुकृत नेपाल, चलचित्र अनलाइन पत्रकारितातर्फ नवीन गिरी, देशप्रेम सप्ताहिककर्मी तारा सुवेदी, आलोचना साप्ताहिककर्मी गंगा बराल र स्पेश फोर के कर्मी विनिता कुँवर क्षेत्रीलाई कदरपत्रद्वारा सम्मानित गरिएको थियो ।

# मकवानपुरबाट सय किलो गाँजा बरामद

हेटौंडा, ३२ जेठ/ मकवानपुरमा एक सय किलो लागूऔषध गाँजा बरामद भएको छ । शुक्रबार बिहान जिल्लाको थाहा नगरपालिका-७ देउखेलस्थित सडकबाट करिब १ सय किलो ४ सय २० ग्राम गाँजा प्रहरीले बरामद गरेको हो । इलाका प्रहरी कार्यालय पालुङबाट गस्तीमा खटिएको प्रहरीले ना.२० प १८६७ र प्रदेश ३-०२-०१२ प १५९२ नम्बरको मोटर साइकललाई चेकजाँच गर्ने क्रममा गाँजा बरामद गरेको हो । मोटर साइकलमा सवार व्यक्ति भने फरार रहेको प्रहरीले जनाएको छ । फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीको भनाई छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

ELITE AIMERS INSTITUTE The Dream Into AIM
लोक सेवा आयोग
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा
विशेष नयाँ कक्षा
- शान्त तथा स्वच्छ वातावरण
- दक्ष तथा अनुभवी शिक्षक
- हरेक हप्ता Model Test
- Handsout को व्यवस्था

आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।
Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096,
9855057021,9804219546, 9855078775

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरु:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google

## विज्ञान/प्रविधि

# अब आइफोनमा च्याट जिपिटी



एप्पलले आफ्नो बहुप्रतिक्षित आर्टिफिसियल इन्टेलिजेन्स (एआई) रणनीति सोमबार सार्वजनिक गरेको छ । जस अन्तरगत उसले आफ्नो डिजिटल एसिस्टेन्ट सिरी लगायतका विभिन्न एपमा एप्पल इन्टेलिजेन्सलाई आबद्ध गरेको छ भने आफ्ना डिभाइसमा च्याट जिपिटीलाई भित्राउनका लागि ओपन एआई कम्पनीसँग साझेदारीको घोषणा पनि गरेको छ ।

यो कदमसँगै एप्पलले एआईको लडाइँमा आफूले माइक्रोसफ्ट लगायतका कम्पनीभन्दा पछि नपर्ने सन्देश लगानीकर्ताहरुलाई दिन चाहेको छ । यद्यपि माइक्रोसफ्ट एआईलाई व्यवसायीकरण गर्ने मामिलामा सबैभन्दा अगाडि रह्यो र ओपन एआई कम्पनीमा उसले लगानी नै गरेको छ ।

एप्पलले आफ्नो वर्ल्डवाइड डेभलपर्स कन्फ्रेसका क्रममा एआई फिचरहरु सार्वजनिक गरेको छ । साथै उसले आफ्नो आइफोन तथा भिजन प्रो हेडसेटका लागि नयाँ अपरेटिङ सिस्टम पनि लन्च गरेको छ ।

एप्पलका अनुसार सिरी लगायतका उसका एपमा यो वर्षको उत्तरार्द्धतिरबाट च्याट जिपिटी उपलब्ध हुनेछ । च्याट जिपिटी आईओएस १८, आइप्याड ओएस १८ र म्याकओस Sequoia मा पनि उपलब्ध हुनेछ ।

प्रयोगकर्ताले निःशुल्क रुपमा च्याटबट प्रयोग गर्न सक्नेछन् र लगइन पनि गर्नुपर्ने छैन । सिरीमा च्याट जिपिटी आबद्ध भएसँगै प्रयोगकर्ताले सोधेका प्रश्नको जवाफ सिरीले च्याटजिपिटीमार्फत् दिनेछ ।

यसैबीच ओपन एआई कम्पनीका सीईओ साम अल्टम्यानले प्रयोगकर्ताहरुलाई नयाँ तरिकाबाट च्याट जिपिटी उपलब्ध गराउनका लागि एप्पलसँग सहकार्य गर्दा उत्साहित रहेको बताएका छन् ।

एप्पलसँगको सहकार्य अत्याधुनिक एआईलाई सबैजनाको लागि पहुँचयोग्य बनाउने ओपन एआईको मिसनकै अङ्ग भएको उनको भनाई छ ।

---

# यी हुन् ह्वाट्सएप प्रतिबन्धित ६ देश

मेसेजिङ्ग प्लाटफर्म ह्वाट्सएपलाई अहिले कुनै परिचयको आवश्यकता पर्दैन । यो हरेक मोबाइल प्रयोगकर्ताको सञ्चारको प्रमुख माध्यम नै बनेको छ । मेटा कम्पनीको स्वामित्वमा रहेको ह्वाट्सएपका विश्वभरमा ३ अर्ब प्रयोगकर्ता छन् । व्यक्तिगतदेखि व्यवसायिक कामसम्ममा यसको प्रयोग हुने गर्दछ ।

तर विश्वका अर्बौं मानिसले प्रयोग गर्ने ह्वाट्सएप कतिपय देशमा भने प्रतिबन्धित छ । ह्वाट्सएपमाथि प्रतिबन्ध लगाइएका विश्वका प्रमुख ६ देश यी हुन्-

**१. चीन** : चीनको ग्रेट फायरवालले विभिन्न विदेशी एप तथा वेबसाइटमा आफ्ना नागरिकको पहुँचलाई रोक्ने गर्दछ । ग्रेट फायर वालले ह्वाट्सएपलाई पनि बन्देज लगाएको छ । ह्वाट्सएपमाथिको प्रतिबन्ध सञ्चार माथिको नियन्त्रण मात्र नभई विच्याट जस्ता स्वदेशी मेसेजिङ्ग एपहरुलाई बढावा दिने व्यापक रणनीतिको हिस्सा हो ।

**२. इरान** : ह्वाट्सएपले इरानमा पनि बेलाबेलामा प्रतिबन्धको सामना गर्नु पर्दछ । इरानी सरकारले राजनीतिक अशान्तिका क्रममा सञ्चार तथा सूचनाको पहुँचलाई नियनत्रण गर्नका लागि यो एपलाई ब्लक गर्ने गर्दछ ।

**३. युएई** : संयुक्त अरब इमिरेट्स (युएई)मा ह्वाट्सएपको भ्वाइस तथा भिडियो कलिङ सुविधा प्रतिबन्धित छ । युएई सरकारले यो प्रतिबन्ध स्थानीय दूरसञ्चार कम्पनीहरुलाई सहयोग गर्नका लागि लगाएको हो । त्यहाँ ह्वाट्सएपमा केवल टेक्स्ट मेसेज मात्र आदानप्रदान गर्न मिल्दछ ।

**४. कतार** : युएईमा जस्तै कतारमा पनि ह्वाट्सएपमा भ्वाइस तथा भिडियो कलिङ सुविधा प्रतिबन्धित छ र केवल टेक्स्ट मेसेजको सुविधा मात्र उपलब्ध छ ।


**५. सिरिया** : ह्वाट्सएपमाथि कडा प्रतिबन्ध रहेको अर्को मुलुक सिरिया पनि हो । त्यहाँ ह्वाट्सएप माथिको प्रतिबन्ध सरकारको व्यापक इन्टरनेट सेन्सरसीप नीतिको हिस्सा हो ।

**६. उत्तर कोरिया** : उत्तर कोरियामा सायद विश्वकै सबैभन्दा कडा इन्टरनेट नीति छ । वैश्विक इन्टरनेटसम्म नागरिकको निकै सीमित पहुँच छ । सूचनाको स्वतन्त्र प्रवाहलाई संकुचित पार्नका लागि र सञ्चारमाथि सरकारको पूर्ण नियन्त्रण कायम गर्नका लागि ह्वाट्सएपजस्ता सोसल मिडिया प्लाटफर्म त्यहाँ प्रतिबन्धित छन् ।

स्मरण रहोस् युएई र कतारजस्तै जोर्डन र इजिप्टमा पनि ह्वाट्सएपको अडियो र भिडियो कलिङ सेवा प्रतिबन्धित छ ।

## यौन स्वास्थ्य

# यौन सुखका लागि प्राकृतिक गर्भनिरोधक विधि



दाम्पत्य जीवनको अभिन्न पाटो हो यौन । सन्तान जन्माउन मात्र होइन, आपसी सम्बन्धलाई प्रेमिल र रोमाञ्चक बनाइराख्न पनि यौनले भूमिका खेल्छ । दाम्पत्य सुखको एउटा कडी हो यौन ।

यसका थुप्रै सकारात्मक पक्ष छन् । जस्तो कि यसले दम्पतीबीचको सम्बन्धलाई प्रगाढ बनाउँछ । किनभने यस क्रममा दुवैजना भावनात्मक रुपले एकदमै नजिक हुन्छन् । तनाव, चिन्ता जस्ता मानसिक विकार हटाउँछ ।

कतिपय अध्ययनमा के पाइएको छ भने सक्रिय यौन सम्बन्धले शारीरिक स्वास्थ्यमा पनि प्रभाव पार्छ । रक्त प्रवाहदेखि फदयलाई स्वस्थ राख्न समेत यौनक्रियाले सहयोगी भूमिका खेल्छ ।

यद्यपि यौन सम्बन्धका लागि श्रीमान् र श्रीमती दुवै उत्सुक र तयार हुनुपर्छ । यसमा दुवैको समान सहभागिता जरुरी हुन्छ । यौनका लागि दुवैमा एकसाथ मूड नबन्न सक्छ । यस्तो अवस्थामा प्राकक्रीडा आवश्यक हुनसक्छ । यसले क्रमश: दुवैमा यौनप्रति उत्सुकता जगाउँछ । प्राकक्रीडा भनेको यौन सम्पर्कपूर्व गरिने यस्तो अभ्यास हो, जसले दुवैलाई यौनका लागि समूचित ढंगले उक्साउँछ ।

यौनक्रियाका क्रममा गर्भ रहने सम्भावना रहन्छ । सन्तानको रहर पुगिसकेको अवस्थामा गर्भ रह्यो भने दम्पतीका लागि त्यो टाउको दुखाइको विषय बन्न पुग्छ । कुनै गर्भनिरोधक औषधि वा विधि प्रयोग नगरेको अवस्थामा गरिने यौन सम्पर्कबाट गर्भ रहन सक्छ ।

त्यसैले सुरक्षित यौन सम्बन्ध बनाउनका लागि गर्भनिरोधक साधनहरुको प्रयोग गर्न सकिन्छ । गर्भ रहेको अवस्थामा पनि आपतकालीन चक्कीको सेवन गर्न सकिन्छ । यौन सम्पर्क भएको निश्चित अवधिभित्र सेवन गरेपछि गर्भ रहने जोखिम कम हुन्छ ।

सुरक्षित यौन सम्बन्धका लागि कन्डम जस्ता साधनहरु प्रयोग गर्नु उचित हुन्छ । यसले एकातिर गर्भ रहने जोखिम कम गर्छ भने अर्कोतिर यौनजन्य रोग सर्ने भय पनि रहँदैन । त्यसैगरी गर्भनिरोधक चक्की, गर्भनिरोधक खोप पनि प्रयोग गरेर सुरक्षित यौन सम्बन्ध बनाउन सकिन्छ । महिलाको लागि इम्प्लान्ट, कपर टी र पुरुषको लागि स्थायी बन्ध्याकरण जस्ता विकल्प छन्, जसले गर्भ रहने सम्भावना रहँदैन ।

**प्राकृतिक गर्भनिरोधक विधि**

प्राकृतिक गर्भनिरोधक विधि पनि अपनाएर यौन सुख लिन सकिन्छ । यो विधि मासिकस्रावको चक्रलाई आधार बनाएर अपनाउनुपर्ने हुन्छ ।

चक्की वा अन्य कृत्रिम विधिबाट गर्भनिरोध गर्नु स्वास्थ्यका लागि हानिकारक पनि हुनसक्छ । जबकि प्राकृतिक गर्भनिरोधक प्रभावकारी र दोषरहित हुन्छ । यसको कुनै 'साइड इफेक्ट' रहँदैन । चीनमा भएको एक सोधलाई मान्ने हो भने प्राकृतिक रुपले अपनाइएको गर्भनिरोधक ९७ देखि १०० प्रतिशतसम्म प्रभावकारी हुन्छ । यो पूर्णत: सुरक्षित विधि पनि हो ।

प्राकृतिक गर्भनिरोधकको प्रयोग गर्नु एकदम सजिलो हुन्छ । मासिकश्राव अघिको ओभ्युलेशन पिरियड (महिनावरी शुरु हुनुभन्दा १० औंदेखि १६ औं दिनको बीच) यौन सम्बन्ध बनाउनु हुँदैन । यस दिनबाहेक अरु कुनै पनि दिन यौन सम्बन्ध बनाउन सकिन्छ र अनिच्छित गर्भबाट बचन सकिन्छ ।

प्राकृतिक गर्भनिरोधकले हाम्रो यौन क्षमता घटाउँदैन, बरु बढाउँछ । अर्थात् हामी यौन जीवनको भरपुर आनन्द लिन सक्छौं । यसको प्रयोगले पार्टनरलाई कुनै दु:ख पनि हुँदैन ।

केही अध्ययनलाई मान्ने हो भने गर्भनिरोधका लागि प्रयोग गरिने चक्की अत्याधिक मात्रामा प्रयोग गर्दा ब्रेस्ट क्यान्सर हुने सम्भावना रहन्छ । जबकि प्राकृतिक गर्भनिरोधकको प्रयोगले यस किसिमको कुनै खतरा हुँदैन । अर्थात् ब्रेस्ट क्यान्सरको जोखिमबाट बच्न सकिन्छ ।

गर्भनिरोधक गोलीको प्रयोग गर्ने महिलाको यौन क्षमता पनि प्रभावित हुन्छ । उनीहरुमा यौन सम्बन्धप्रति रुचि विस्तारै घट्दै जान्छ । प्राकृतिक गर्भनिरोधकमा भने यस्तो समस्या हुँदैन । अनिच्छित गर्भ रोकथामका लागि चक्कीको प्रयोग गरिरहँदा त्यसले शरीरमा अनेकन समस्या ल्याउँछ । टाउको दुख्ने, अनिद्रा, अरुचि जस्ता समस्या आउन सक्छन् । जबकि प्राकृतिक गर्भनिरोधक प्रयोग गर्दा त्यस्तो समस्या रहँदैन ।

प्राकृतिक गर्भनिरोधकको प्रयोग गर्दा महिलाको शरीरमा हुने हर्मोनल परिवर्तनमा कुनै समस्या हुँदैन । जबकि गर्भनिरोधक चक्कीले मासिकस्रावसमेत प्रभावित हुन्छ ।

## साहित्य

कविता

# नेपालको माया



✍निकेश श्रीवास्तव

*कक्षा : १०, नवोदय शिशु सदन*

हिमशिखर जस्तै अटल
मेरो प्रेम
नेपाली माटोमा
जन्मिएको हृदयको यो प्रेम
मेरो धड्कनमा बज्ने
त्यो राष्ट्रिय गान

राख्ने छु म नेपालीको
मान बाक्लो जंगलका
रूखहरू जस्तै
मेरो आत्मामा फैलिएको छ
नेपाल चौतारीमा बसी
गाउ तिमी गीत समेटी
नेपाली पुर्खाहरुको

योगदान विशाल
नेपालको नदीहरूले
गाएको सुन्दर
गीत बसेको छ
मेरो मनमा नेपालको
प्रकृतिको सुन्दर
प्रित नेपालको मायाले
बाँधिएको छु म मेरो
जीवन नेपालमा
तिम्रो नाम राख्नेछु
विश्वभरि म

# संसद् भवनमा एउटा आँसु

✍राकेश कार्की

धेरै वर्ष पछि बल्ल बल्ल
नवजवान
कर्मठ
जागरूक
जाने बुझेको
सहयोगी
कर्तव्यनिष्ठ
देश र जनताको लागि
असल कार्यहरू गरूँ भन्ने
एउटा सांसद
दु:ख
पीडा
गरिबी
अशिक्षा
बेरोजगारी
भोक
र अनेक यातनाको
एउटा आँसु
बोकेर
पुगे
संसद् भवनमा

तर त्यो आँसु
सत्ता पक्ष र विपक्ष
दुवैले हातमा थाम्न नमान्दा
'लिन्न लिन्न' भन्ने
छिना झप्टीमा
भुइँमा झरी फुट्यो

अनि त्यो फुटी छरिएको आँसु
नवजवान सांसदले
बटुलूँ भन्दा
भुँइ मै सुक्यो

त्यसपछि सँभालिदिन नसके पछि
जनताका सपनाको
त्यो आँसु
साह्रै नै चित्त दुखाएर
निराश ती सांसद
उभिइरहे रोष्टममा
एक्लै
एक्लै

अनि अठोट गरे
फेरि अर्को चुनावमा
आफू जस्तै युवाहरूको
बहुमत ल्याउँछु
र
देश र सारा जनताको
मुहार हँसाउँछु भन्ने

कविता

# कही जानु पर्दैन



✍शिवम् कुशवाहा

*कक्षा : १०, नवोदय शिशु सदन*

महत्वपूर्ण वस्तु पाइँदैन यतिकै
बन्न सक्दैन चन्दन खाई चोट त्यतिकै
जीवनमा खुसी ल्याउन सैर्ष अनिवार्य छ
आनन्दको अनुभूति लिनुमा भन्दा दिनुमा छ

हो हामी कर्णधार देशको
गर्ने छौं विश्वमा नाम देशको
कर्मनै हो जीवनको आधार
बिनाकर्म गर्न सक्दैन विकास

प्रयास नगरी पाइँदैन महत्वपूर्ण वस्तु
कर्मनै हो रहस्य जसलेदिन्छ महत्त्वपूर्ण वस्तु
कर्मरूपी प्रयासले निश्चित गर्छ हाम्रो जीवनको फल
प्रयासले नै बनाउँछ खुसी जीवनको हरपल

# गजल

✍चिरञ्जीवी दाहाल

भोकमरीमा छिमेकीले अन्न दिन्न भन्छ
महाकाली बगर हाम्रो भन्न दिन्न भन्छ

पालैपालो बोलाएर पठाउँछ कान फुकी
स्थायी सरकार मरेपनि बन्न दिन्न भन्छ


डुबाइ दिन्छ बर्खायाममा बाँध थुनेर बेसी
पानी फाल्ने निकास पनि खन्न दिन्न भन्छ

बहर बाच्छा जस्तै दाउँछ नोकर बनाएर
काममा जोताएर ज्याला टन्न दिन्न भन्छ


जाती धर्म साक्षरता गणनाको कार्य गर्दा
बाटो छेक्छ जनसंख्या गन्न दिन्न भन्छ

## चित्रकला






आइसा श्रेष्ठ
कक्षा-६
रस्सल एकेडेमी





निर्भिक श्रेष्ठ
कक्षा-६
सोलिडाइरिटि इन्टरनेशनल एकेडेमी



दिपशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

## नेतृत्वविहीन धितोपत्र बोर्ड :

# ६३ लाख सेयर लगानीकर्तामाथि सरकारको 'भद्दा मजाक'

काठमाडौं/२० पुस २०८० मा रमेशकुमार हमालको कार्यकाल पूरा भएपछि नेपाल धितोपत्र बोर्ड (सेबोन) नेतृत्वविहीन छ । अघिल्ला अध्यक्ष निवृत्त नहुँदै नयाँ अध्यक्ष छनोट गर्नुपर्ने थियो । सरकारले त्यो त गरेन नै, अध्यक्ष नियुक्ति प्रक्रिया नै साढे पाँच महिनासम्म रोकेर ६३ लाख सेयर लगानीकर्तामाथि 'भद्दा मजाक' गरेको छ ।

बोर्डमा कर्मचारीबाट हुने नियमित कामबाहेक नेतृत्वमार्फत हुनुपर्ने सम्पूर्ण गतिविधि साढे ५ महिनादेखि ठप्प छ । तर, सरकार मौन छ । बोर्डमा अध्यक्ष नहुँदा निश्चित योजना र उद्देश्य सहित परियोजना विकासमा लागेको र धितोपत्र बजार मार्फत पूँजी परिचालन गरी अगाडि बढ्ने योजनामा रहेको कम्पनी मात्रै प्रभावित भएका छैनन्, धितोपत्रको सार्वजनिक निष्कासन भएका र दोस्रो बजारमा कारोबार भइरहेको ३४ खर्बको पूँजीकरण भएको बजारमा लगानी गर्ने लाखौं लगानीकर्तामाथि समेत सरकारले अन्याय गरिरहेको छ ।

धितोपत्र सम्बन्धी ऐनमा भएको व्यवस्था अनुसार गत माघमै सरकारले राष्ट्रिय योजना आयोग उपाध्यक्ष डा. मिनबहादुर श्रेष्ठको नेतृत्वमा अर्थ सचिव र विज्ञ सदस्यका रूपमा उदय निरौला रहेको अध्यक्ष सिफारिस समिति गठन गरेको थियो ।

४ माघमा सरकारले समिति गठन गर्ने निर्णय गरे पनि समितिको बैंठक बस्न भएको ढिलाइ तथा सरकार फेरबदलको राजनीति जस्ता कारण समितिले कार्यविधि बनाएर आवेदन माग गर्नै करिब डेढ महिना लगायो ।

१६ फागुनमा अध्यक्ष सिफारिस समितिले सूचना प्रकाशित गर्दै अध्यक्षका लागि आवेदन माग गऱ्यो भने आवेदन दिने अन्तिम दिन ३० फागुनसम्म १९ जनाले आवेदन दिए । हरेक प्रक्रियामा ढिलाइ गर्दै गएको सिफारिस समितिले आवेदन दिएका १९ मध्ये पाँचको नाम सर्टलिस्ट गरेर २५ चैतमा प्रकाशित गऱ्यो ।

सर्टलिस्ट प्रकाशित भएपछि रोकिएको बोर्ड अध्यक्ष नियुक्ति प्रक्रिया बढी हुँदा समेत अगाडि बढ्न सकेको छैन । सिफारिस समितिले पाँचमध्ये तीनको नाम सिफारिस गर्छ, जसमध्ये एकलाई सरकारले बोर्ड अध्यक्ष नियुक्त गर्ने व्यवस्था ऐनमा छ ।

अध्यक्ष नियुक्त गरेर धितोपत्र बजारमा सुधार र विकासको काम गर्नेभन्दा पनि बोर्डमा हस्तक्षेप गर्ने र यसलाई अर्थ मन्त्रालयको शाखा जस्तो गरी चलाउन सरकार




केन्द्रित भएको बोर्डकै कर्मचारीको आरोप छ ।

बोर्डको वार्षिकोत्सव समारोहमा कर्मचारी युनियनले सार्वजनिक रूपमा नै उक्त आरोप लगायो । यसबीच अर्थमन्त्री वर्षमान पुनले बोर्ड अध्यक्ष नियुक्तका लागि पहल गर्नुको सट्टा अर्थ मन्त्रालयबाट बोर्ड प्रतिनिधित्व गर्ने सञ्चालक परिवर्तन गर्ने र आफ्ना विश्वासपात्रलाई सञ्चालक बनाएर पठाएका छन् ।

बोर्डमा अध्यक्ष रिक्त भएका बेला अर्थ मन्त्रालयको प्रतिनिधित्व गर्ने सञ्चालकले कार्यकारी भूमिका निर्वाह गर्ने कानुनी व्यवस्था छ । हालै सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी ऐन संशोधन गर्दा धितोपत्र ऐनमा पनि परिमार्जन गरी अध्यक्ष रिक्त भएको अवस्थामा अर्थ मन्त्रालयका तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकले नै कार्यकारी अध्यक्षका रूपमा काम गर्न सक्ने व्यवस्था छ ।

बोर्डमा अहिले अर्थ मन्त्रालयका तर्फबाट प्रतिनिधित्व गर्ने गरी सञ्चालकमा नरेन्द्रकुमार राणा पुगेका छन् । पाँच महिनासम्म अध्यक्ष नियुक्त नगरेर सरकारले अर्थ मन्त्रालयका कर्मचारीलाई धितोपत्र बजार जस्तो संवेदनशील बजारको कार्यकारी अध्यक्षको भूमिका निर्वाह गर्ने गरी पठाएपछि त्यसको चौतर्फी आलोचना भएको छ ।

'अहिले कार्यालयमा गएर हाजिर गर्ने विभागीय काम भए गर्नेभन्दा अन्य कुनै पनि काम भएको छैन,' बोर्डका एक कर्मचारीले भने भने, 'धितोपत्र जस्तो संवेदनशील बजारमा हरेक दिन भइरहेको गलत क्रियाकलाप नियन्त्रण गर्न बोर्डले चाल्नुपर्ने कदम समेत चाल्न सकेको छैन । धितोपत्र बोर्डमा सार्वजनिक निष्कासन गर्न आवेदन दिने कम्पनीको चाङ लागेर बसेको छ । अध्यक्ष नहुँदा पुसदेखि सार्वजनिक निष्कासन मार्फत पूँजी परिचालन गर्ने प्रक्रिया ठप्प छ ।'

सरकारले बजार विकास भन्दा पनि बिचौलियको स्वार्थ हेर्दा अध्यक्ष नियुक्ति नगरेको र अर्थ मन्त्रालयको शाखा जसरी चलाउन खोजेको बोर्डका अर्का एक कर्मचारीले बताए ।

'अहिले सरकारको उद्देश्य बजार विकास गर्ने, लगानीकर्ताको हित संरक्षण गर्ने भन्ने केही देखिँदैन । कुन बिचौलियाको ठेक्कामा कसलाई स्टक एक्सचेन्जको लाइसेन्स बिक्री गर्ने र त्यसका लागि काम गर्न सक्ने पात्र खोज्ने भन्नेमा सरकार केन्द्रित छ,' बोर्डकै कर्मचारी भन्छन् ।

धितोपत्र बोर्डमा पछिल्लो समय बजार विकास र लगानीकर्ताको हितभन्दा पनि व्यापारिक स्वार्थका निर्णय हुने र सोही अनुसार नेतृत्व ल्याउँदा बोर्डको शाखा नै कमजोर बन्दै गएको ती कर्मचारीले गुनासो गरे ।

अहिले पनि सत्ताको नेतृत्व गरेको नेकपा माओवादी केन्द्र र सत्ता गठबन्धनको ठूलो दल एमालेबीच अध्यक्ष कसलाई बनाउने भनेर भागबण्डा नमिल्नु नै अध्यक्ष नियुक्त हुन नसक्नुको प्रमुख कारण रहेको स्रोतको दाबी छ ।

त्यसमा पनि स्टक एक्सचेन्जका लागि तीन व्यापारिक समूहको आवेदन परेको भए पनि दुइटाको शक्ति संघर्ष चल्दा लाइसेन्स कसले पाउने भन्ने टुंगो लाग्न नसक्नु पनि अध्यक्ष नियुक्त हुन नसक्नुको अर्को प्रमुख कारण रहेको कर्मचारी बताउँछन् ।

स्टक एक्सचेन्ज लाइसेन्सकै विषयमा अर्थमन्त्रीले अध्ययन समिति बनाउने प्रस्ताव मन्त्रिपरिषद् नलैजाँदा तत्कालीन अर्थमन्त्री डा. प्रकाशशरण महत र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डबीच मतभेद् थप बढ्न पुगेको थियो । पछि प्रधानमन्त्रीकै सक्रियतामा नेपाल राष्ट्र बैंक सञ्चालक समिति सदस्य चिन्तामणि शिवाकोटीको नेतृत्वमा अध्ययन समिति गठन गरे । उक्त अध्ययन समितिले प्रतिवेदन पेस गरे पनि सार्वजनिक भएको छैन ।

हाल सञ्चालनमा रहेको धितोपत्र बजार नेपाल स्टक एक्सचेन्जमा राष्ट्र बैंक र सरकारको समेत लगानी छ । निजी क्षेत्रलाई अर्को लाइसेन्स दिने विषयमा अध्ययन गर्न भन्दै राष्ट्र बैंकका सञ्चालकलाई नै सरकारले नेतृत्व दिएको थियो ।

बोर्डकै पूर्वअध्यक्ष तथा पूर्वगभर्नर डा. चीरञ्जीवी नेपाल पाँच महिनासम्म धितोपत्र जस्तो संवेदनशील बजार नियमन गर्ने बोर्ड कार्यकारी अध्यक्षविहीन राख्नु भनेको सरकारको गैरजिम्मेवारी भएको बताउँछन् ।

'सरकारले समृद्धिको कुरा गर्ने तर ४० खर्बको धितोपत्र बजार पाँच महिनादेखि कार्यकारी अध्यक्षविहीन छ,' उनले भने, 'सहीरूपमा नीतिगत पहल गर्न सके पूँजी परिचालन र आर्थिक समृद्धिको सजिलो बाटो पूँजीबजार नै हो ।'

पाँच महिनासम्म अध्यक्ष नियुक्त नगर्नु भनेको देशको नेतृत्ववर्गले मुलुकको आर्थिक संमृद्धि चाहेको छैन भन्ने गतिलो उदाहरण भएको नेपालले बताए । 'सरकारको आर्थिक समृद्धिको आधारका रूपमा रहेको पूँजीबजार नियमनमा सरकारको उदाशिनता मात्रै छैन । त्यसमा सरकारको राम्रो छाया परेको देखिन्छ,' उनले भने, 'जुन कुरा पाँच महिनासम्म अध्यक्ष नियुक्त नहुनुले पनि पुष्टि हुन्छ ।'

### ४८ अर्बको सार्वजनिक निष्कासन अलपत्र

धितोपत्र बोर्ड पाँच महिनादेखि कार्यकारी अध्यक्षविहीन हुँदा ४७ अर्ब ९८ करोड ९० लाख २ हजार रुपैयाँ बराबरको सार्वजनिक निष्कासन अलपत्र भएको छ । बोर्डमा आवेदन दिएर पनि स्वीकृत नहुँदा उक्त सार्वजनिक निष्कासन हुन नसकेको हो ।

बोर्डका अनुसार आईपीओ निष्कासनका लागि ३५ कम्पनीको २७ अर्ब ९३ करोड ४४ लाख ३८ हजारको आवेदन अलपत्र अवस्थामा छ । त्यस्तै पूँजी संरचना मिलाउन तथा थप पूँजी परिचालनका लागि धितोपत्रको थप सार्वजनिक निष्कासन गर्न आवेदन दिएका पाँच कम्पनीको २९ करोड ४ लाख ३९ हजार रुपैयाँ बराबरको एफपीओ पनि अलपत्र परेको छ ।

नयाँ परियोजना विकास तथा थप पूँजी आवश्यक भएका कम्पनीले हकप्रद मार्फत पूँजी जुटाउने बोर्डमा आवेदन दिएका छन् । १३ कम्पनीको ६ अर्ब २१ करोड ४१ लाख २५ हजार रुपैयाँको हकप्रद बोर्डमा पाइपलाइनमा भए पनि बोर्ड अध्यक्ष नहुँदा स्वीकृत हुन सकेको छैन ।

त्यस्तै पूँजीकोष व्यवस्थापन तथा स्रोत व्यवस्थापनका लागि दुई बैंकले जारी गर्न लागेको ६ अर्ब रुपैयाँ बराबर ऋणपत्र पनि बोर्डबाट स्वीकृत नहुँदा अगाडि बढ्न सकेको छैन । नौवटा सामूहिक लगानी योजना कोषको ७ अर्ब ९५ करोड रुपैयाँको म्युचअल फन्ड इकाइको सार्वजनिक निष्कासन पाइपलाइनमै रोकिएका छन् ।

जेठ पहिलो साता बोर्डमा कार्यकारी अधिकार सहित सञ्चालक बनेर गएका नरेन्द्रकुमार राणाले सार्वजनिक निष्कासनका लागि बोर्डबाट अख्तियारी लिएका छन् ।

तर, बोर्डकै कर्मचारीले पनि कार्यकारी अध्यक्ष नियुक्त गर्नुपर्नेमा धितोपत्र बजार सम्बन्धी सामान्य जानकारी समेत नभएको व्यक्तिलाई कार्यकारी अध्यक्षको अधिकार दिएर पठाएको भन्दै भएको आलोचनाले गर्दा उनले सार्वजनिक निष्कासन स्वीकृत गर्ने मात्रै नभएर कार्यकारी प्रमुखको रूपमा हुनुपर्ने कुनै पनि नीतिगत निर्णय गरेका छैनन् । बोर्डकै अर्का एक सञ्चालक भने कार्यकारी प्रमुख नभएको कार्यालयमा नीतिगत निर्णय गर्दा त्यसको जस कसले लिने भनेर पनि कसलै पनि सार्वजनिक निष्कानस गर्ने लगायत निर्णय गर्न नसकेको बताउँछन् । राणाले प्रयास गरे पनि सार्वजनिक प्रश्न उठ्न थालेपछि हटेको स्रोतको दाबी छ ।

तीव्र आलोचना हुन थालेपछि सरकारले नयाँ अध्यक्ष नियुक्ति तयारी गरेको छ । बिहीबार अर्थमन्त्रालयबाट अध्यक्ष नियुक्तिका लागि सर्टलिस्टमा परेको उम्मेदवार लाई फोन गरेर एक/दुई दिनमै कार्ययोजना पेस गर्नुपर्ने हुन सक्ने भन्दै तयार रहन भनिएको स्रोतले बतायो । तर, शुक्रबार साँझसम्म कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि कुनै सूचना नै नआएको सर्टलिस्टमा परेका एक दाबेदारले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# चितवन राष्ट्रिय निकुञ्जलाई खर्च धान्नै मुस्किल

चितवन/वर्षमा झण्डै ३५ करोड राजस्व संकलन गरेर केन्द्रमा पठाउने चितवन राष्ट्रिय निकुञ्ज आफैंले बजेट अभाव झेल्न थालेको छ । पर्याप्त बजेट नहुँदा घाँसे मैदान व्यवस्थापन, हात्ती प्रजनन् तथा गोही संरक्षण केन्द्र, खोरमा थुनिएका बाघको आहारा व्यवस्थापन नियमित गस्ती जस्ता काममा समस्या हुन थालेको छ ।

निकुञ्जले ठूलो राजस्व उठाए पनि खर्च गर्ने तजबिजको अधिकार भने छैन । निकुञ्जलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष र हात्तीसार आयोजनाका नाममा चालु र पुँजीगत बजेट छुट्याएर आउने गर्छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष आयोजनाबाट कर्मचारीको तलबभत्ता, विभिन्न बैठक तथा गोष्ठी, निकुञ्जको घाँसे मैदान तथा तालतलैया व्यवस्थापन, सुरक्षा गस्ती, अपराध अनुसन्धान जस्ता विषयमा खर्च गर्ने गरी रकम आउँछ । त्यस्तै हात्तीसार आयोजनाबाट हात्ती प्रजनन् केन्द्र, हात्तीको आहार र पोष्टहरूको लागि चालु तथा पुँजीगत रकम आउने गर्दछ ।

निकुञ्जका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ मा दुवै आयोजनाका लागि ३१ करोड ५५ लाख बजेट विनियोजन भएको थियो । समग्रमा बजेट अघिल्लो आर्थिक वर्ष २०७९/८० को भन्दा करिब ४ करोड बढी भए पनि पुँजीगत खर्च रकम भने कटौती गरिएको थियो । अघिल्लो आर्थिक वर्षमा निकुञ्जलाई २७ करोड ६८ लाख बजेट दिइएको थियो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष आयोजना अन्तर्गत चालु वर्ष पुँजीगतमा ३ करोड ३४ लाख बजेट विनियोजन गरिएको छ । अघिल्लो आर्थिक वर्ष ३ करोड ९० लाख बजेट थियो ।

यस्तै हात्तीसार आयोजनामा पुँजीगततर्फ चालु वर्ष ३० लाख रकम विनियोजन गरिएको छ । अघिल्लो आर्थिक वर्ष ६५ लाख रकम दिइएको थियो ।

आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष आयोजनाको पुँजीगततर्फ १० करोड १४ लाख रकम विनियोजन गरिएको थियो । सो वर्ष हात्तीसार आयोजनामा पनि पुँजीगत खर्च ७ करोड ४० लाख थियो ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार चालु आर्थिक वर्षमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष आयोजनाको चालुतर्फ १७ करोड ९३ लाख र हात्तीसार आयोजनातर्फ चालुमा ९ करोड ९७ लाख रकम विनियोजन गरिएको थियो ।

चालु खर्च बढे पनि पुँजीगत खर्च बढ्न नसक्दा निकुञ्ज भित्र गरिने पूर्वाधारका काममा असर गरेको सूचना अधिकारी तिवारीले बताए । चालु खर्च पनि महंगीको आधारमा खासै नबढेको उनको भनाइ छ ।

निकुञ्जलाई खर्च अभाव हुँदा विभिन्न निकायसँग समन्वय गरेर चलाउनुपर्ने अवस्था आएको सूचना अधिकारी तिवारीको गुनासो छ । तराई भूपरिधी कार्यक्रम, एनटीएनसी लगायतका निकायको सहयोगमा खर्च चलाउनुपर्ने अवस्था रहेको तिवारीले बताए ।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुनले निकुञ्जमा दैनिक खर्च सञ्चालनमा समस्या हुँदै आएको बताए । सरकारले आर्थिक समस्या देखाएर निकुञ्जको बजेट कटौती गर्न नमिल्ने प्रमुख संरक्षण अधिकृत पुनले बताए । 'अन्य निकाय र निकुञ्ज फरक विषय हुन्, निकुञ्जमा विश्वकै दुलर्भ वन्यजन्तुहरू छन्, उनीहरूको बासस्थान, घाँसे मैदानको व्यवस्थापन, सुरक्षाका लागि नियमित गस्ती, उद्दार र उपचारजस्ता अति महत्वपूर्ण विषयहरू हुन्छन् । बजेट नहुँदा चोरी शिकारी नियन्त्रण, अनुसन्धान जस्ता कुरा पनि प्रभावित हुन सक्छन्,' प्रमुख संरक्षण अधिकृत पुनले भने, 'रकम अभाव हुँदा फायर लाइन व्यवस्थापन, मचान निर्माण तथा मर्मत, सफारी रुटको मर्मत तथा सुधार जस्ता विषयमा काम गर्न समस्या देखिएको छ ।'

वन्यजन्तुबाट भएको धनजनको क्षतिको रकम भुक्तानीमा समेत बजेटको अभाव हुन थालेको भन्दै प्रमुख संरक्षण अधिकृत पुनले यस्तो हुँदा मानव र वन्यजन्तु बीचको द्वन्द्व बढाउन सक्ने बताए । उनले भने, 'क्षतिपूर्ति रकम तत्काल नपाउँदा जनतामा निराशा र आक्रोश बढ्छ ।'

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

PrinterShop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# फिल्ममा फर्किए सुशील क्षेत्री

काठमाडौं/नेपाली फिल्ममा धेरै कलाकार भए पनि हरेक विधामा निपूर्ण थोरै मात्र छन् । अभिनयमा अब्बल भएका नृत्यमा कमजोर देखिन्छन् । एक्सन राम्रो हुनेको अभिनय र नृत्य उम्दा देखिन्न । यसैले नेपाली फिल्ममा 'प्याकेज हिरो' नभएको अक्सर चर्चा हुन्छ । तर, कुनै समय अभिनेता सुशील क्षेत्रीले आफूलाई हरेक विधामा प्रमाणित गरेका थिए । अभिनय, नृत्य र एक्सनमा उनी निपूर्ण मानिन्छन् ।

'आगो' हिरोको रुपमा चिनिएका उनले ५० बढी फिल्ममा अभिनय गरेका छन् । तर, ५/७ वर्षयता उनी फिल्ममा देखिएका छैनन् । अमेरिका बस्न थालेपछि उनको अभिनय यात्रा टुटेको हो । तर, यतिबेला विदेश बस्ने पुराना कलाकारहरुको पुनरागमन बढिरहेको समयमा सुशील पनि फिल्ममा फर्केका छन् । उनले शंकर घिमिरेको निर्देशन रहेको फिल्म 'तेल भिसा'बाट कमब्याक गरेका हुन् ।

यही बुधबार अमेरिका सेड्युल पूरा भएको फिल्ममा सुशीलले एक गीतमा नृत्य गरेका छन् । गीत छायांकनका केही तस्वीर आफ्नो फेसबुकमा राख्दै उनले फिल्ममा आफू जोडिएको जानकारी गराए । तर, गीतबाहेक फिल्ममा उनको अभिनय नरहेको जनाइएको छ । यद्यपि, गीतमा मात्रै भए पनि लामो समयपछि सुशीललाई ठूलो पर्दामा देख्न पाउनु उनका प्रशंसकका लागि रोमाञ्चक हुनेछ ।

'तेल भिसा'मा सुशीलसँगै अमेरिकामा बस्दै आएकी अभिनेत्री पूजा चन्दले पनि काम गरेकी छन् । गत वर्ष छायांकन भएको फिल्म 'भूठान'बाट उनले कमब्याक गरेकी थिइन् ।

'तेल भिसा'को अब असार पहिलो सातादेखि चितवनमा सेट नै खडा गरेर ३० प्रतिशत छायांकन हुने निर्देशक घिमिरेले जानकारी गराए । फिल्ममा विपिन कार्की, वर्षा राउत, ऋचा घिमिरे लगायतको पनि अभिनय छ ।

**समृद्धि फाइनान्स कम्पनी लिमिटेड**
**Samriddhi Finance Company Limited**
Samriddhi Finance — Partnership for Prosperity
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
**रजिष्टर्ड केन्द्रिय कार्यालय:** हेटौंडा १, मकवानपुर, फोन नं: ०५७-५२५१००/५२३२२२
E-mail: info@sfcl.com.np, Website: www.sfcl.com.np

## कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८१/०३/०१**

यस समृद्धि फाइनान्स कम्पनी लिमिटेडका तपसिलमा उल्लेखित तपाई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको यस वित्तिय संस्थालाई समय–समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदि भुक्तान गर्न आउन तपाईलाई पटक-पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्न चासो नदेखाई वेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र वित्तिय संस्थामा उपस्थिति हुनु भई तपाई ऋणीले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सो को ब्याज तथा दै-दस्तुर समेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरिलिनु हुन सूचित गरिन्छ । अन्यथा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूचि सम्बन्धी निर्देशन तथा संस्थाको कर्जा असूली तथा धितो गैह्र बैंकिङ्ग सम्पत्ति बिक्रि सम्बन्धी कार्यविधि लगायत प्रचलित कानून बमोजिम सम्बन्धीत ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी अन्य कानूनी कारवाही समेत अगाडी बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै व्यक्तिगत जमानीकर्ता, धितोकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला ।

**तपसिल**

| ऋणी तथा धितोको विवरण | कर्जा शिर्षक | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|---|
| **नाम: अन्जु कुमारी थिङ्ग**<br>ससुरा : मान बहादुर मगर<br>पति: प्रकाश थापा मगर<br>स्थायी ठेगाना: राक्सिराङ्ग - ०२ मकवानपुर<br>हालको ठेगाना: मनहरी - ०७ मकवानपुर<br>ना.प्र.नं: ३२/३२३<br>जारी जिल्ला/मिति: मकवानपुर/ २०५८/०७/०२<br>**धितोको विवरण:** अन्जु कुमारी थिङ्गको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला राक्सिराङ्ग- ०८ सिट नं. ८ कि.नं. ७२७ क्रमश क्षे.फ. ०-५-१-१ रोपनी | बिपन्न वर्ग कर्जा, शाखा हेटौंडा | **नाम: प्रकाश थापा मगर**<br>बाजे : चन्द्र बहादुर मगर<br>बुवा : मान बहादुर मगर<br>स्थायी ठेगाना: हेटौंडा ०४ मकवानपुर<br>हालको ठेगाना: मनहरी -०७ रिभरसाइड मकवानपुर<br>न.प्र.नं: १९/४०२<br>जारी जिल्ला/मिति: २०५५/०७/१० |
| **नाम: हरि गोम्बा**<br>बाजे : मोती लाल गोम्बा<br>बुवा : रामबहादुर गोम्बा<br>स्थायी ठेगाना: चुरीयामाई - ०८, मकवानपुर<br>हालको ठेगाना: हेटौडा-१५, मकवानपुर<br>न.प्र.नं: ३०/२१४३१<br>जारी जिल्ला: मकवानपुर, जारी मिति: २०६२/०१/०५<br>**धितोको विवरण:** हरि गोम्बाको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला रातोमाटे ८ सिट नं. ८ कि.नं. ७२४ , क्रमश क्षे.फ. ०-१-१३.२५-० बिघा | व्यक्तिगत अधिविकर्ष कर्जा, शाखा हेटौंडा | **नाम: संगीता गुरुङ**<br>ससुरा: रामबहादुर गोम्बा<br>पति: हरि गोम्बा<br>स्थायी ठेगाना: पुतलीबजार - ०२ , स्याङ्जा<br>हालको ठेगाना: हेटौंडा - १५, मकवानपुर<br>ना.प्र.नं: ४२१०६२/३/१४४<br>जारी जिल्ला/मिति: मकवानपुर, २०६९/०२/२८<br>**नाम: पातली गोंवा**<br>ससुरा: मोती लाल गोम्बा<br>पति: राम बहादुर गोम्बा<br>स्थायी ठेगाना: रातोमाटे - ०८, मकवानपुर<br>हालको ठेगाना: हेटौंडा - १५, मकवानपुर<br>ना.प्र.नं: ४७०, मकवानपुर/२०४४/१०/११<br>**नाम: राम बहादुर गोम्बा**<br>बाजे : सेले गोम्बा<br>बुवा : मोती लाल गोम्बा<br>स्थायी ठेगाना: रातोमाटे - ०८, मकवानपुर<br>हालको ठेगाना: हेटौंडा - १५, मकवानपुर<br>ना.प्र.नं: ०४९५<br>जारी जिल्ला/मिति: मकवानपुर/२०४०/०६/१० |
| **नामः रेणु जगत कृषि पशु फार्म**<br>कम्पनी दर्ता नं.: २५९६/१५३६/०७७/०७८<br>दर्ता मिति: २०७७ १२/१६<br>**प्रोपाईटरको नाम:** रेणु तितुङ<br>ससुराको नाम: बाबुराम तितुङ<br>पतिको नाम: जगत सिं तितुङ<br>ना.प्र.नं: ३१३०१५/१४८<br>जारी मिति: २०६३/११/२५, मकवानपुर<br>स्थायी ठेगाना: चुरियामाई ०८, मकवानपुर<br>हालको ठेगाना: हेटौंडा १५ शिखरपानी मकवानपुर<br>**धित्तोको विवरण :** ठुली माया तितुङको नाममा रहेको रातोमाटे - ०८, मकवानपुरको कित्ता नं ६१७, क्षे. फ. ०-१३-१९-० बिघा | अधिविकर्ष कृषि कर्जा, शाखा हेटौंडा | **नाम: जगत सिं तितुङ**<br>बाबुको नाम: बाबुराम तितुङ<br>बाजेको नाम: छरि लामा तितुङ<br>ना.प्र.नं: १०/१५५६<br>जारी मिति: २०५८/०३/२४, मकवानपुर<br>स्थायी ठेगाना: चुरियामाइ ०८, मकवानपुर<br>हालको ठेगाना: हेटौंडा १५, शिखरपानी, मकवानपुर<br>**नाम: सिता माया तितुङ**<br>ससुराको नाम: बाबुराम तितुङ<br>पति: राज कुमार तितुङ<br>ना.प्र.नं: ३१-०१-७६-०२८७३<br>जारी मिति: २०७६/०३/०१<br>स्थायी ठेगाना: हेटौंडा १५, शिखरपानी, मकवानपुर<br>हालको ठेगाना: हेटौंडा १५, शिखरपानी, मकवानपुर<br>**नाम: राजकुमार तितुङ**<br>बाबुको नाम: छरि लामा तितुङ<br>पतिको नाम: बाबुराम तितुङ<br>ना.प्र.नं: ४२/२८४११<br>जारी मिति: २०६२/०८/०१ मकवानपुर<br>स्थायी ठेगाना: हेटौंडा १५, शिखरपानी मकवानपुर<br>हालको ठेगाना: हेटौंडा १५, शिखरपानी मकवानपुर<br>**नाम: ठुली माया तितुङ**<br>ससुराको नाम: छरि लामा तितुङ<br>पिताको नाम: बाबुराम तितुङ<br>ना.प्र.नं: ३७५८<br>जारी मिति: २०४६/०३/२८<br>स्थायी ठेगाना: चुरेमाई ०९, मकवानपुर<br>हालको ठेगाना: हेटौंडा १५, शिखरपानी, मकवानपुर<br>**नाम: रेणु तितुङ**<br>ससुराको नाम: बाबुराम तितुङ<br>पतिको नाम: जगत सिं तितुङ<br>ना.प्र.नं: ३१३०१५/१४८<br>जारी मिति: २०६३/११/२५, मकवानपुर<br>स्थायी ठेगाना: चुरियामाइ ०८, मकवानपुर<br>हालको ठेगाना: हेटौंडा १५, शिखरपानी, मकवानपुर |

# लागूऔषध नियन्त्रणमा बागमतीका सांसदको चासो

साझाकुरा संवाददाता

हेटौंडा, ३२ जेठ/ बागमती प्रदेशभित्र बढ्दै गइरहेको लागूअौषध कारोबार र सेवनको अवस्थाले समाजमा विकराल रुप लिन लागेको कारण यसको नियन्त्रण जरुरी रहेको सरोकारवालाले औंल्याएका छन् ।

बागमती प्रदेशसभाका सदस्यहरुले शुक्रबार हेटौंडामा आयोजित कार्यक्रममा लागूऔषध नियन्त्रणलाई सरकारले गम्भीर चासोको रुपमा हेर्नुपर्ने बताए । जनपत्र मिडिया प्रालि हेटौंडा-२ को आयोजना तथा संसद सहयोग परियोजना संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को सहकार्यमा लागूऔषधका कारण समाजमा बढ्दै गएको समस्या, यसको समाधानमा सांसद र सरोकारवालाको भूमिका विषयमा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममा उपस्थित सांसद लगायतले लागूऔषध नियन्त्रण अभियान चलाउनुपर्नेमा जोड दिएका हुन् ।



प्रदेशका प्रदेश मामिला समितिका सभापति छिरिङदार्जे लामा, अरु प्रदेशसभाका सदस्यहरु भारती पाठक, गिरबहादुर तामाङ, कृष्णप्रसाद सिल्वाल, उर्मिला सुनुवार, बिन्दु श्रेष्ठ, शिबराज अधिकारी, हरिप्रभा खड्गी, हरि सापकोटा, प्रेमभक्त महर्जन, बालकुमारी विश्वकर्मालगायतले यस विषयलाई अब प्रदेशसभामा आफूहरुले जोडतोडका साथ उठाउने बताए । हरेक क्षेत्रमा सरकारले बजेट विनियोजन गर्ने तर, लागूऔषध प्रयोगकर्तालाई न्यूनीकरण गर्न, यसको ओसारपसारलाई न्यूनीकरण गर्नका लागि चासो प्रदेश सरकारले कम राखेको उनीहरुले बताए ।

तीन तहका सरकारले अझ बागमती प्रदेश सरकारले उद्योगी व्यावसायीका भवन निर्माण गर्नका लागि लाखौ बजेट विनियोजन गर्ने तर, लागूऔषध प्रयोग गर्ने र यसको रोकथामका लागि बजेट नछुट्याइको प्रदेश मामिला समितिका सभापति लामाले बताए । प्रदेश सांसद पाठकले लागूऔषधविरुद्धको अभियामा सबैभन्दा महत्वपूर्ण कुरा भनेको जनचेतना रहेको बताइन् । एउटा व्यक्ति लागूऔषध दुर्व्येसनीमा फसेपछि उसँगै परिवारका अन्य सदस्यलाई पनि रोगी बनाउने जोखिम रहेको पाठकले औंल्याइन् ।

अर्की सांसद खड्कीले प्रेमविवाह, पारिवारीक विचलनको कारण लागुऔषधको प्रयोग गर्ने आदत बस्ने गरेको बताइन् । यसको नियन्त्रणको लागि कडा भन्दा कडा कानून बनाइनु पर्ने उनको भनाई छ । बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाइले युवा जमातमा लागूऔषध दुव्येसनीको सवाल भयावह बन्दै आएको बताए । 'अहिले बजेट विनियोजनको समय भएकोले यतातर्फ पनि ध्यान दिन यो कार्यक्रमले झक्झकाएको छ । लागुऔषधविरुद्ध लाग्नेलाई प्रोत्साहन र उपचारमा सहजता ग्यारेन्टी हुनु जरुरी छ ।,' उनले भने ।

कार्यक्रममा नेपाल चिकित्सक संघ मकवानपुरका अध्यक्ष डा. हरि खड्काले पछिल्लो समय डाक्टरले उपारमा चासो दिन थालेको बताए । हेटौंडा अस्पतालमा पनि पछिल्लो समय लागूऔषध प्रयोगपछि मानसिक अवस्थामा समस्या भएकाहरुलाई छुट्टै उपचार कक्षको व्यवस्था गरिएको उनले बताए । कार्यक्रममा पूर्वलागूऔषध दुव्यसनीहरुले सरकारले आफूहरु समाजमा पुनर्स्थापित भएपनि कुनैपनि क्षेत्रबाट सहयोग नगरेको बताए । कार्यक्रममा सहभागी सामाजिक संघसंस्था र क्याम्पसका विद्यार्थीहरुले लागूऔषधका दुर्व्यसनीहरु बढ्दै गएको र यस क्षेत्रमा सरकारले न्यूनीकरणका लागि बिभिन्न कार्यक्रम ल्याउन जरुरी रहेको बताएका छन् ।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत गुणराज न्यौपाने, गैरसरकारी संस्था महासंघ मकवानपुरका अध्यक्ष रमिला सापकोटा, नेपाल औषधि व्यावसायी संघ मकवानपुरका नारायणलाल श्रेष्ठ, मकवानपुर महिला समूहका अध्यक्ष कमला सुवेदीलगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा मकवानपुर र चितवनका बिभिन्न संघसंस्था र यहाँका तीन वटा क्याम्पसका प्राध्यापक तथा विद्यार्थी, बिभिन्न सामाजिक संघसंस्थाका प्रतिनिध समेत गरेर ९१ जनाको उपस्थित थिए ।

# मनहरीको ११ महिनाका मुख्य प्रगति सार्वजनिक



साझाकुरा संवाददाता

हेटौंडा, ३२ जेठ/ मकवानपुरको मनहरी गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को पछिल्लो ११ महिनाको अवधिमा सम्पन्न गरेका मुख्य-मुख्य कामहरु सार्वजनिक गरेको छ ।

शुक्रबार गाउँपालिका सभाहलमा पत्रकार सम्मेलनको आयोजना गर्दै चालु वर्षमा शिक्षा, स्वास्थ्य, पूर्वाधार, सामाजिक विकासलगायत क्षेत्रमा गरेका मुख्य कामबारे जानकारी गराइएको हो । गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, उपाध्यक्ष सीता पुलामीमगर, प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदी लगायतको उपस्थितिमा कार्यप्रगती विवरण प्रस्तुत गरिएको हो ।

यो अवधिमा गाउँपालिकाले पूर्वाधारतर्फ करिब ५ किलोमिटर स्ल्याब ढलान, ६ किलोमिटर नयाँ ट्र्याक निर्माण र ३ किलोमिटर रिटेनीङ वाल निर्माण गरेको छ भने १ किलोमिटर नाला निर्माण र २४ किलोमिटर भन्दा बढी खानेपानीको पाइप विस्तार गरिएको गाउँपालिका अध्यक्ष कालाखेतीले जानकारी दिए ।

पालिकाले आन्तरिक स्रोतबाट गत आर्थिक वर्ष २०७७/७८ मा साविक हाँडीखोला गाविसको १,२.३ र ४ नं वडामा निर्माण थालनी गरेको ५ वटा पक्की पुलमध्ये ३ वटा सम्पन्न गरेको छ । ट्वाङ्ग्रा खोला पुल, मसिने पक्की पुल र च्यापल पक्की पुल निर्माण भई केही दिनअघि उद्घाटन गरिएको थियो । बाँकी २ वटामध्ये हाँडीखोला पक्की पुल ६६ प्रतिशत र ठाडेखोला पक्की पुलको निर्माण कार्य ८५ प्रतिशत सम्पन्न भएको गाउँपालिका अध्यक्ष कालाखेतीले बताए ।

आंशिक अपाङ्गता (पहेँलो कार्ड) भएकालाईसमेत गाउँपालिकाले आन्तरिक श्रोतबाट निर्वाहभत्ता उपलब्ध गराउन थालेको छ । यसलाई गाउँपालिकाले महत्वपूर्ण कामको रुपमा औंल्याएको छ । गाउँपालिका अध्यक्ष कालाखेतीले निर्वाचित भएर आएदेखि नै आफूले प्राप्त गर्ने सेवा सुविधाको रकम र भत्ताबाट असहाय र विपन्न वर्गलाई सहयोग गर्ने कार्यलाई निरन्तरता दिइएको बताएका छन् ।

अध्यक्ष कालाखेतीले आफ्नो कार्यकालभर ९ वटा वडामा ९ जना घरवार बिहिन विपन्न परिवारलाई घर बनाइदिने अभियान यस वर्षबाट सुरु गरेको जानकारी दिए । चालु वर्षमा मनहरी गाउँपालिकाले आफ्नै प्रशासनिक भवन निर्माणको प्रक्रिया थाल्ने क्रममा मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय बनको ० दशमलव २ हेक्टर क्षेत्रफलको जग्गा प्रयोगका लागि स्वीकृति दिएको छ । आगामी आर्थिक वर्षमा बजेटको व्यवस्था गरी ठेक्का प्रक्रिया अघि बढ्ने जनाइएको छ ।

पत्रकार सम्मेलनमा बोल्दै गाउँपालिका अध्यक्ष कालाखेतीले स्थानीयको आवश्यकताको आधारमा आगामी आर्थिक वर्षको बजेट र नीति तथा कार्यक्रम ल्याउने प्रतिवद्धता जनाए । बजेट निर्माणपूर्व आफूहरुले विभिन्न चरणमा सबै क्षेत्रका विज्ञको सुझाव संकलन गरिरहेको उनले सुनाए ।

गाउँपालिका उपाध्यक्ष मगरले गाउँमा एक घर एक उद्यमी बनाउने उद्देश्यले कार्यक्रमहरु कार्यान्वयन भइरहेको बताइन् । स्थानीयको आवश्यकता र मागअनुसार विभिन्न उद्यम गर्नको लागि आवश्यक तालिम प्रदान गर्नुका साथै उनीहरुलाई उद्यमी बन्नको लागि प्रोत्साहन दिइएको पुलामीको भनाई छ ।

# वन र सहकारी सम्बन्धी तालिम समापन

साझाकुरा संवाददाता

हेटौंडा, ३२ जेठ/ मकवानपुरगढी गाउँपालिका-५ मा रहेको बुङ्दल सामूदायिक वन उपभोक्ता समूहको आयोजना, कृषि तथा वन सहज कार्यक्रमको सहयोगमा भएको चारदिने तालिम शुक्रबार समापन भएको छ ।

मंगलबारबाट सुरु भएको तालिममा सामुदायिक वन उपभोक्ता समुहका उत्पादकलाई वननीति, वनऐन, औद्योगिक ऐन र सहकारी ऐन सम्बन्धी तालिम प्रदान गरिएको हो । वन समूहले वनक्षेत्रमा कृषि तथा वन सहज कार्यक्रम अन्तरगत बेसारखेती गर्दै आइरहेको छ ।



उपसमितिमार्फत समूह गठन गरी खेती गर्दै वनमा आधारित उत्पादन कार्यक्रम गरिएको हो । वन समूहका अध्यक्ष भीमबहादुर अधिकारीको सभाध्यक्षता तथा सामूदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईको प्रमुख आतिथ्यतामा तालिम समापन गरिएको हो ।

कार्यक्रममा सवडिभिजन वन कार्यालय मकवानपुरगढीका कार्यालय प्रमुख विशाल लामा, फेकोफन मकवानपुरगढी गाउँपालिका अध्यक्ष बलराम अधिकारी, वन समूहका सल्लाहकार चन्द्रप्रसाद दुलाल, महिला आयआर्जन समूहका अध्यक्ष संगीता घिमिरेलगायतको आतिथ्यता रहेको थियो ।

चारदिन सञ्चालित कार्यक्रममा पहिलो र दोस्रो दिन वन नीति र वन ऐनबारे सब डिभिजन मकवानपुरगढीका प्रमुख विशाल लामाले सहजीकरण गरेका थिए भने तेस्रो दिन सहकारी ऐन र बचत तथा ऋणका विषयमा जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष कल्पना श्रेष्ठले सहजीकरण गरेकी थिइन् ।

त्यस्तै, उद्योग र औद्योगिक क्षेत्रका ऐन, नीतिबारे उद्योग तथा वाणिज्य कार्यालय मकवानपुरका उद्योग सहजकर्ता लेखमान राउतले सहजिकरण गरेका थिए । तालिम अवधिभर फेकोफन जिल्लाका सहजकर्ता तथा वेसारखेती कार्यक्रमका कोर्डिनेटर सन्ध्या शिवाकोटीले पनि सहजीकरण गरेकी थिइन् । तालिममा वेसार तथा अदुवाखेती व्यावसायिक योजना समेत तयार पारिएको छ ।

तालिमा समूहमा आवद्ध ३१ जना उपभोक्ताको सहभागिता रहेको थियो । समूहमा रहेर वनक्षेत्रमा प्लट निर्माण गरी वेसार खेती गरिएको छ । उत्पादित वेसारलाई कुटानी पिसानी गरी लेवल लगाएर बिक्री समेत गर्दै आइरहेको वन समूहका अध्यक्ष अधिकारीले बताए । तालिम अवधिभर सहजकर्ता तथा व्यवस्थापनको रुपमा बद्रीप्रसाद अधिकारीले साथ दिएका थिए ।

# एमाले मकवानपुरगढीको अध्यक्षमा घिमिरे

साझाकुरा संवाददाता

हेटौंडा, ३२ जेठ/नेपाल कम्युनिष्ट पार्टी (एमाले) मकवानपुर गढी गाउँ कमिटीको अध्यक्षमा जीतबहादुर घिमिरे चयन भएका छन् । शुक्रबार सम्पन्न दोस्रो गाउँ अधिबेशनबाट घिमिरेको अध्यक्षतामा ६५ सदस्य गाउँ कमिटी गठन भएको हो ।

कमिटीको उपाध्यक्षमा चन्द्र योञ्जन, सचिवमा रोमनाथ रेग्मी, उपसचिवमा सीताराम तिमल्सिना र अम्बिका अधिकारी दाहाल चयन भए । गाउँ कमिटीको दोस्रो अधिबेशनबाट अध्यक्षका आकांक्षी घिमिरे सर्बसम्मत चयन भएका हुन् । सचिव र युबासदस्य पदको लागि भने चुनाव भएको थियो । सचिव पदका लागि रेग्मी र उमेश अधिकारीको उम्मेदवारी रहेको थियो । युबा सदस्यका लागि उत्तम अधिकारी र बिष्णुप्रसाद सिलवालको उम्मेदवारी रहेको थियो ।

१७२ मत खसेकोमा सचिव उम्मेदवार रेग्मीले ८५ मत र उमेश अधिकारले ८० मत प्राप्त गरेका थिए । ७ मत बदर भएको छ । ५ मतको अन्तरले रेग्मी सचिव निर्वाचित भएका हुन् । कार्यक्रममा नेकपा एमाले पोलिट् ब्युरो सदस्य तथा जिल्ला इन्चार्ज देवी ज्ञवालीको प्रमुख आतिथ्यता रहेको थियो ।

मकवानपुर प्रतिनिधि सभा क्षेत्र नम्बर २ का सांसद तथा नेकपा एमाले संसदीय दलका प्रमुखसचेतक महेश बर्तौलाको बिशेष आतिथ्यता रहेको थियो । कार्यक्रमम प्रदेश कमिटी सदस्य बद्री लम्साल, बलराम बल, नवराज तिमल्सिना, निर्मला लम्साल नेकपा एमाले मकवानपुर जिल्ला कमिटी अध्यक्ष श्रीधर पोखरेल, उपाध्यक्ष हिदम लामा, सचिव सीता विष्ट, सदस्य बिदुर हुमागाईलगायको उपस्थिति रहेको थियो ।

# स्वास्थ्य बीमा सहयोगार्थ अभियान शुभारम्भ



साझाकुरा संवाददाता

हेटौंडा, ३२ जेठ/ बागमती प्रदेशको राजधानी हेटौंडामा गरिब तथा विपन्न परिवारको स्वास्थ्य बीमा सहयोगार्थ अभियान शुक्रबारबाट शुभारम्भ गरिएको छ ।

नेपाली कांग्रेसको भातृ संगठन नेपाल लोकतन्त्रबादी आदिबासी जनजाति महासंघ हेटौंडा उपमहानगर समितिको आयोजनामा अभियान शुभारम्भ गरिएको हो । बिरामी पर्दा उपचारमा हुने ठूलो आर्थिक भारलाई थोरै भएपनि व्यवस्थापन होस् भन्ने उद्देश्यले शुभारम्भ गरेको अभियानको नेपाली कांग्रेस बागमती प्रदेश समितिका सभापति ईन्द्रबहादुर बानियाँले गरेका हुन् ।

कार्यक्रममा कांग्रेस जिल्ला सभापती बुद्ध लामा, पूर्वसभापति रघुरमण न्यौपाने, कांग्रेस बागमती प्रदेश सदस्य चम्फुरत्न लामा, जिल्ला सचिव भीमसेन महत, प्रवक्ता अर्जुन चौलागाई लगायतको सहभागिता रहेको थियो ।

पार्टीको हरेक कार्यक्रमको सहभागी, नेता, कार्यकर्ता, शुभचिन्तक, विभिन्न ब्यापारी, व्यवसायी संघ/संस्था/व्यक्तिसँग समन्वय गर्दै अभियान सफल पार्ने योजना रहेको महासंघका निवर्तमान नगरअध्यक्ष तथा कांग्रेस पार्टी नगरसमितिका सचिव हर्करत्न लामाले जानकारी दिए । कार्यक्रम संस्थाकी अध्यक्ष शान्ति लोप्चनको अध्यक्षतामा भएको हो ।

# अमर मावि बालमैत्री विद्यालय घोषित

साझाकुरा संवाददाता

हेटौंडा, ३२ जेठ/ हेटौंडा-१ चाइनाक्वाटरमा रहेको अमर माध्यमिक विद्यालयलाई बालमैत्री विद्यालय घोषणा गरिएको छ । हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले विद्यालयले बालमैत्री घोषणाका लागि आवश्यक २६ सूचक पूरा गरेसँगै बालमैत्री स्थानीय शासनयुक्त विद्यालय घोषणा गरेकी हुन् ।



बालमैत्री विद्यालय घोषणा गर्दै नगरप्रमुख लामाले भोलिका कर्णधारलाई सक्रिय बनाउँनका लागि उपमहानगरले योजना बनाएर काम गरिरहेका बताइन् । उनले अहिलेको अवस्था प्रबिधि र सूचनाको रहेकाले आफ्ना बालबालिकाले के गरिरहेका छन् भन्ने चासो दिँदै उनीहरुले सिकेको कुरालाईं सकारात्मक ढंगबाट प्रयोग गर्न जरुरी रहेको बताइन् । उनले भनिन् 'सूचना र प्रबिधिका कारण बालबालिका अव्बल बन्दैछन्, उनीहरुको ज्ञानलाई सकारात्मक ढंगबाट प्रयोग गरौं ।'

उनले पछिल्लो समय हेटौंडा शैक्षिक गन्तव्यको रुपमा रहेको भन्दै शैक्षिक गुणस्तरलाई सुधार गर्दै हबको रुपमा अघि बढाउँने नीति आगामी आर्थिक वर्षमा नगरले लिने बताइन् । अहिलेको अवस्थामा हेटौंडा दुव्यवसनको ट्रान्जिट बन्दै गएकाले आफ्ना बालबालिकाले गर्ने दैनिक क्रियाकलापमा अभिभाबकले ध्यान दिन जरुरी रहेको बताइन् ।

विद्यालय बालसञ्जालका अध्यक्ष बिकल्प अर्यालको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरउपप्रमुख राजेश बानियाँ, हेटौंडा-१ का वडाअध्यक्ष सबिन न्यौपाने, हेटौंडा-१० का अध्यक्ष फुर्वादोर्जे तामाङ, कार्यपालिका सदस्य इश्वरी रसाईली, वडासदस्य मनु दाहाल, महिला तथा बालबालिका महाशाखा प्रमुख बिष्णुकुमारी लामिछाने, विद्यालय व्यवस्थापन समितिका सदस्य मानबहादुर लामालगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा विद्यालयमा अध्यनरत १ देखि ८ कक्षासम्मका विद्यार्थीलाई छात्रबृत्ति प्रदान गरिएको थियो ।

नगरमा बालमैत्री विद्यालय घोषणामा सामुदायिकतर्फ तेश्रो विद्यालय अमर मावि भएको छ । यसअघि हेटौंडा ८ कमानेको चन्द्रोदय र हेटौंडा-१६ को जनप्रिय माध्यमिक विद्यालय बालमैत्री घोषित भैसकेका छन् । संस्थागततर्फ हेटौंडा-२ को बालजागृति इङ्लिस बोडिङ स्कुल बालमैत्री घोषणा भएको छ ।

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन संशोधन गर्न कांग्रेसको माग



साझाकुरा संवाददाता

हेटौंडा, ३२ जेठ/मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ संशोधन गन बागमती प्रदेशसभाका सदस्य ईन्द्रबहादुर बानियाँले माग गरेका छन् । उनले हेटौंडा अस्पताललाई प्रादेशिक अस्पतालको रुपमा विकास गर्न माग गरेका हुन् ।

प्रदेशसभाको शुक्रबार बसेको बैठकमा विशेष समय माग गरेर उनले हेटौंडा अस्पताल र प्रतिष्ठानबीचको विवाद समाधान गर्न ऐन संशोधन गर्नुपर्ने बताएका हुन् । हेटौंडा अस्पताल प्रादेशिक अस्पतालको रुपमा संघीय सरकार बाट हस्तान्तरण भएकाले त्यसको अस्तित्व मास्न नहुने उनको भनाई छ ।

'सरकारको निर्णयका कारण विशेष समय माग गरिएको हो । सरकारले प्रादेशिक अस्पताल निर्माण गर्ने निर्णय किन गऱ्यो ? विवादित भइरहेकै अवस्थामा राजनीतिक दलहरुसँग छलफल नै नगरी किन हतारमा सरकारले मकवानपुरमा प्रादेशिक अस्पताल निर्माण गर्ने निर्णय गरिरहेको छ ?,' उनले प्रश्न गरे, 'संघीय सरकार अन्तर्गतको हेटौंडा अस्पताल प्रादेशिक अस्पताल प्रदेश सरकारलाई हस्तान्तरण हो ।

प्रतिष्ठान सञ्चालन ऐन गलत छ । हेटौंडा अस्पतालको चलअचल सम्पत्ति मदन भण्डारीको हुन्छ भन्ने निर्णय कहाँ गरिएको छ ? प्रतिष्ठानको ऐन परिमार्जन गर्नुपर्छ ।,' संघीय सरकारबाट व्यवस्थापकीय जिम्मा प्रदेश सरकारलाई दिइएकाले प्रतिष्ठानको नाममा अस्पतालको सम्पत्ति माथि हस्तक्षेप गर्न अधिकार नरहेको उनले बताए । मेडिकल अध्यापन गराउने उद्देश्यले स्थापना गरिएको प्रतिष्ठान विवादमा गरिमा घट्दै गएको उनले बताए ।

प्रतिष्ठानको कार्ययोजनामा ध्यान नदिई सरकारले विवाद थप गर्न स्थायी कर्मचारीलाई हटाएर करारका कर्मचारीलाई अधिकार दिने काम गरिरहेको उनको भनाइ छ ।

'प्रतिष्ठान र अस्पतालको समस्या समाधानमा सरकारले ध्यान दिन छोडेर प्रादेशिक अस्पताल निर्माणमा सरकारले निर्णय गरेको छ । हेटौंडा अस्पताललाई प्रादेशिक अस्पतालको रुपमा विकास गरेर अघि बढ्नुपर्छ,' उनले भने ।

**हेटौंडा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल
मिति: २०८१/०२/३२

**नदीजन्य पदार्थ उत्खनन् तथा संकलनमा रोक लगाएको सम्बन्धी सूचना**

हेटौंडा उपमहानगरपालिका नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्रका विभिन्न खोला तथा खहरेहरुबाट मिति २०८१ सालअसार १ गते देखि २०८१ साल भाद्र मसान्तसम्म तीन महिना नदी, खोला तथा खहरेहरुबाट नदीजन्य पदार्थहरु उत्खनन् तथा संकलन गर्न निषेध गरेको हुंदा निषेधित क्षेत्र र अवधिमा नदी, खोला तथा खहरेहरुबाट नदीजन्य पदार्थहरु उत्खनन् तथा संकलन नगर्नु हुन यो सूचना जारी गरिएको छ । निषेधित क्षेत्र र अवधिमा नदी, खोला तथा खहरेमा पसी नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा ढुवानी कार्यमा संलग्न सवारी साधनहरुलाई प्रचलित नियमानुसार कार वाही गरि नदीजन्य पदार्थ जफतसमेत गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**राजश्व प्रशासन शाखा**
**हेटौंडा उपमहानगरपालिका**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना